अन्तिम लेखापरीक्षण प्रतिवेदन

मालिका गाउँपालिका, म्याग्दी

आर्थिक वर्ष २०७५।७६

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं

मिति: २०७७/३/२४

श्री प्रमुखज्यू,
मालिका गाउँपालिका,
म्याग्दी ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व वाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औँल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या: २०७६/७७
च.नं

मिति: २०७७।३।२५

श्री प्रमूखज्यू,
मालिका गाउँपालिका,
म्याग्दी ।

विषय : लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय : हामीले मालिका गाउँपालिकाको २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्यविवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार :

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाटरु.६४ लाख ५४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ६९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २६ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु.३३ लाख ८९ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०५।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना बीस (२०) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी : वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

परिचय : स्थानीय नेतृत्वको विकास गरी विधायिकी, कार्यकारीणी र न्यायीक अधिकार सहितको स्थानीय शासन पद्धतिलाई सुदृढ गर्दै स्थानीय सरकारको निर्माण र संचालन गरी जनतालाई नजिकवाट धेरै भन्दा धेरै सेवा र सुविधा प्रदान गर्न यस गाउँपालिकाको स्थापना भएको हो । यो गाउँपालिका गण्डकी प्रदेशमा अवस्थित छ र यस अन्तर्गत ७ वडा रहेका छन् ।

स्थानीय संचितकोष : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७५।७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

सि. नं	विवरण	रकम	रकम	सि. नं.	विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		**६०८५३८३३.०५**	१	**चालु खर्च**		**२८७६८२७०४.७८**
	क) नगद				क) गत वर्षको बाँकी चालु	५६५८५२८.००	
	ख) बैंक	६०८५३८३३.०५			ख) वित्तीय समानीकरण अनुदान (संघीय)	६४५४९३१३.००	
२	**राजस्व (आन्तरिक आय)**		**५३५५८९१६.२५**		ग) संघीय राजस्व बाँडफाँड	२७८०७५८४.२०	
	क) आन्तरिक राजस्व	३५६५२११.५९			घ) संघीय सशर्त अनुदान	१२६४७८९६७.५८	
	ख) संघीय राजस्व बाँडफाँड	४८०५४६०८.६६			ङ) प्रदेश सशर्त अनुदान	३०७२७५५.००	
	ग) प्रदेश राजस्व बाँडफाँड	१९३९०९६			च) वित्तीय समानीकरण अनुदान (प्रदेश)	८७३४१९४.००	
३	**वित्तीय हस्तान्तरण**		**२१२९८६५६८**		छ) प्रदेश राजस्व बाँडफाँड	२८००००.००	
	क) वित्तीय समानीकरण अनुदान	७५३००००.००			ज) आन्तरिक आय	९६६१९०.००	
	ख) सशर्त अनुदान	१३७६८६५६८.००			झ) सामाजिक सुरक्षा कार्यक्रम (चालु)	४०९८३४००.००	
	ग) समपूरक अनुदान				ञ) गरिबसँग विश्वेश्वर (चालु)	३८४८००.००	
	घ) विशेष अनुदान				ट) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (चालु)	४९३८१८३.००	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		**१४११३०००**		ठ) प्रधानमन्त्री रोजगार कार्यक्रम (चालु प्रदेश)	३४५४१४०.००	
	क) वित्तीय समानीकरण अनुदान	११०३३०००			ड) स्थानीय तह क्षमता विकास कार्यक्रम (चालु)	२३६२५०.००	
	ख) सशर्त अनुदान	३०८००००			ढ) जिल्ला स्वास्थ्य कार्यालय अनुदान (चालु)	१३८४००.००	
	ग) समपूरक अनुदान			२	**पूँजीगत खर्च**		**३३०६३५४३.३५**
	घ) विशेष अनुदान				क) गत वर्षको बाँकी (पूँजिगत)	२०५६३५४३.३५	
५	**अन्तर स्थानीय तहबाट प्राप्त**				ख) झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम (पूँजिगत)	१२५००००.००	
६	**वित्तीय व्यवस्था प्राप्ति**			३	**वित्तीय व्यवस्था भुक्तानी**		**०.००**
	क) ऋण प्राप्ति				क) ऋण भुक्तानी		

	ख) साँवा प्राप्ति				ख) ब्याज भुक्तानी		
	ग) ब्याज प्राप्ति				ग) अन्य भुक्तानी		
	घ) अन्य प्राप्ति			४	**लगानी**		
६	**विभिन्न कोषतर्फको आय**				ऋण लगानी		
८	**जनसहभागिता (नगद)**				शेयर लगानी		
९	**विषयगत निकायबाट प्राप्त रकम**		**६४६३७४२५.००**		अन्य लगानी		
	क) सामाजिक सुरक्षा कार्यक्रम (चालु)	४२५९७०००.००		५	**धरौटी फिर्ता**	**११०९०३३.००**	**११०९०३३.००**
	ख) गरिबसँग विश्वेश्वर (चालु)	३९४०००.००		६	**कोष खर्च**		
	ग) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (चालु)	४९५००००.००		७	**मौज्दात**		**८५४०३४९४.१७**
	घ) झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम (पूँजिगत)	१२५००००००.००			क) नगद मौज्दात		
	ङ) प्रधानमन्त्री रोजगार कार्यक्रम (चालु प्रदेश)	३५२१०००.००			ख) बैंक मौज्दात (मुलखाता)	८५४०३४९४.१७	
	च) स्थानीय तह क्षमता विकास कार्यक्रम (चालु)	२३६२५०.००			ग) धरौटी	९२५५८७.००	**९२५५८७.००**
	च) प्रदेश खेलमैदान निर्माण अनुदान	२९९९७५.००					
	छ) जिल्ला स्वास्थ्य कार्यालय अनुदान (चालु)	१३९२००.००					
१०	**धरौटी आय**	**२०३४६२०.००**	**२०३४६२०.००**				
११	**लगानीको साँवा फिर्ता**						
१२	**अन्य विविध आय**						
१३	**आयकर दाखिला बाँकी**						
	जम्मा	**४०८१८४३६२.३०**	**४०८१८४३६२.३०**		**जम्मा**	**४०८१८४३६२.३०**	**४०८१८४३६२.३०**

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
१	**वित्तीय विवरण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिकमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । सो प्रयोजनका लागि महालेखा परीक्षकबाट २०७५।८।१० मा ढाँचा तोकिएकोमा सो ढाँचामा वित्तीय विवरण तयार गरेको पाइएन ।	
१.१	पालिकाबाट प्राप्त १० बजेट उपशीर्षकको आर्थिक विवरण अनुसार रु. २८,४८,६२,७८१।९३ खर्च देखाएकोमा स्थानीय सञ्चित कोषको आर्थिक विवरणबाट रु. ३२,०७,४६,२४८।१३ खर्च देखिएको आर्थिक विवरणहरु विच रु. ३,५८,८३,४६६।२० फरक देखिएको छ ।	
२	**पदाधिकारी सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४ मा गाउँपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धमा व्यवस्था रहेको छ ।	

सि. नं.	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडा अध्यक्ष ७ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य २३ जना	जम्मा
१	मासिक सुविधा	४०३०००	३३८०००	१६३८०००	७०२०००	१७९४०००	४८७५०००
२	सञ्चार सुविधा (मासिक दरमा)	१८०००	१२०००	५०४००	०.००	०.००	८०४००
३	बैठक भत्ता (बैठक संख्याको आधारमा)	०.००	०.००	०.००	०.००	०.००	०.००
४	खाजाभत्ता (मासिक)	०.०	०.००	०.००	०.००	०.००	०.००
५	पुस्तकपत्रपत्रिका (मासिक)	०.००	०.००	०.००	०.००	०.००	०.००
६	अनुगमनभत्ता (मासिक)	०.०	०.००	०.००	०.००	०.००	०.००
७	खानेपानी, बिजुलीमहसुल (मासिक)	०.००	०.००	०.००	०.००	०.००	०.००
८	सरसफाई, मर्मत (मासिक)	०.०	०.००	०.००	०.००	०.००	०.००
९	अतिथि सत्कार (मासिक)	०.००	०.००	०.००	०.००	०.००	०.००
१०	यातायात खर्च (मासिक)	०.०	०.००	०.००	०.००	०.००	०.००
	जम्मा	४२१०००	३५००००	१७०५२००	७०२०००	१७९४०००	४९५५४००

२.१	गण्डकी प्रदेशले उपरोक्त कानूनबाट सुविधाको रुपमा पारिश्रमिक पाउने व्यवस्था गरे बमोजिम यस वर्ष यो गाउँपालिकाले अध्यक्ष, उपाध्यक्ष र सदस्यको पारिश्रमिक रु.४९,५५,४००।०० खर्च लेखेको देखियो ।	
२.२	ऐनको दफा ३ का सुविधा, दफा ५ का सुविधा, दफा ६ का सुविधा स्थानीय तहको आन्तरिक स्रोत समेतका आधारमा पाउने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष रु. ३५,६५,२११।५९ आन्तरिक आय आर्जन गरेकोमा पदाधिकारी सुविधा वापत रु. ४९,५५,४००।०० खर्च भएको देखिएकाले आन्तरिक स्रोत र सुविधा वितरणमा सामन्जस्यता रहेको पाइएन ।	
२.३	उक्त ऐनको दफा ८ मा सरकारी कोषबाट निवृत्तिभरण पाएको व्यक्ति, पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनयन भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा मासिक सुविधा मध्ये एउटा मात्र सुविधा पाउने उल्लेख छ । नगरपालिकाले उपरोक्तानुसार निवृत्तिभरण पाए नपाएको सम्बन्धमा पदाधिकारीलाई स्वघोषणा गर्न लगाएको पाइएन ।	
३	**अनुदान** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा संघ एवं प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ भने मूल्य अभिवृद्धि कर तथा अन्तशुल्कको बाँडफाँड एवं प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड सम्बन्धी व्यवस्था रहेको छ ।	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
३.१	नेपाल सरकारले संघीय संसदमा पेश गरेको आर्थिक वर्ष २०७५।७६ को बजेट पुस्तिकमा यस गाउँपालिकाको लागि (८०१७३२३) वित्तीय समानीकरण अनुदान (२६६११) मा रु.७ करोड ५३ लाख र सशर्त अनुदान (२६६१२) मा रु. १२ करोड १९ लाख समेत रु. १९ करोड ७२ लाख बजेट स्वीकृत भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयको वार्षिक बजेट निकाशा र खर्चको प्रतिवेदन (चालु खर्च) अनुसूची ३४ मा रु. २१,४९,२०,०००।०० बजेट स्वीकृत भएकोमा रु. २०,६५,४८,०००।०० निकाशा खर्च भएको छ ।	
३.२	नेपाल सरकार एवं प्रदेश सरकारले स्थानीय तहलाई रकम उपलब्ध गराउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा उल्लेख भएका चार प्रकारका अनुदानमा समावेश नगरी सोझै बजेट खर्च गर्ने अख्तियारी उपलब्ध गराएको देखिएकाले यसरी रकम उपलब्ध गराउने प्रणालीमा सुधार हुनु पर्दछ ।	

अख्तियारी उपलब्ध गराउने निकाय	सरकारको तह	उपशीर्षक	निकाशा
भौतिक पूर्वाधार विकास मन्त्रालय	प्रदेश	७०४३७३५१३	३०८००००
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	संघ	३१२२०५३	३९४०००
		३६५८०९४	४२५९७०००
		३६५८०९४	१२५०००००
		३६५१५८३	३०५०००
		३६५१६०३	४९५००००
		३७११०८३	३५२१०००

४	**कर्मचारी दरबन्दी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको प्रशासकीय संगठन र कर्मचारी दरबन्दीको व्यवस्था रहेको छ । नेपाल सरकारले यस पालिका अन्तर्गत गाउँकार्यपालिका तर्फ १९ जना, बडा कार्यालयतर्फ १४ जना, कृषितर्फ ४ जना र पशुतर्फ ५ जना गरी ४२ जनाको दरबन्दी स्वीकृत भएकोमा स्थायी ६, अस्थायी १ र करार ४ गरी ११जना कार्यरत रहेको देखियो । अतः दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।	
४.१	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थायी दरबन्दी सृजना गर्न नसकिने (नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीशियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा बाहेक) व्यवस्था रहेको भएपनि पालिकाले नेपाल सरकारले स्वीकृत गरेको दरवन्दी विवरणमा नपरेका पदमा समेत करारमा कर्मचारी कायम राखी तलब भत्ता भुक्तानी दिएको छ ।	
५	**आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाइएन ।	
६	**मौजुदा सूची -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क मा सोही ऐनको दफा ३०(६), ४१(१)(क) र ४६ बमोजिम खरिद गर्न तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा सार्वजनिक निकायले सोझै खरिद गर्ने प्रयोजनका लागि योग्यताको आधारमा सूची तयार गर्ने र यस्तो सूचीलाई अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सो अनुसार खरिद गर्दा मौजुदा सूचीमा दर्ता भएको प्रमाणपत्र (अनुसूची २ख) समेत पेश गरी खरिद नगरेको एवं कार्यालयले मौजुदा सूचीको अभिलेख दर्ता पुस्तिका (अनुसूची २ग) अद्यावधिक नगरेकोले सो सूचीमा समावेश भएका व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकबाट प्रस्ताव माग गरि खरिद गरेको यकिन गर्ने आधार भएन ।	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
७	**आन्तरिक लेखा परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था रहेको छ । यस कार्यका लागि नेपाल सरकारले आन्तरिक लेखापरीक्षकको दरबन्दी स्वीकृत गरेपनि कार्यालयले आय र व्ययको आन्तरिक लेखा परीक्षण गराएको पाइएन । यसबाट आर्थिक कारोबारमा गल्तीहरु भएका छैनन भनी आश्वस्त हुने आधार भएन ।	
८	**मेशिनको प्रयोग -** नेपाल सरकारले आन्तरिक रोजगारी सृजना र व्यवस्थापन गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम आरम्भ गरी बेरोजगारको सूचीमा समावेश भएका व्यक्तिहरुलाई सार्वजनिक क्षेत्रमा रोजगारी प्रदान गर्न एवं सामुदायिक पूर्वाधारको विकास गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ स्वीकृत गरी लागु गरेको छ । उक्त निर्देशिकामा रु. १ करोडसम्म लागत भएका आयोजनामा श्रममूलक प्रविधि प्रयोग गर्ने नीति लिएपनि पालिकाले मेशीन प्रयोगमा नियन्त्रण गरेको पाइएन ।	
९	**घर जग्गा रजिष्ट्रेशन शुल्क -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ एवं अनुसूची २ र ३ मा घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेशले र स्थानीय तहले लगाउन सक्ने व्यवस्था रहेको छ भने दफा ५(१)(ख) मा स्थानीय तहले घर जग्गा रजिष्ट्रेशन शुल्क लगाउँदा प्रदेशले लगाएको घर जग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४(१)(ख) मा घर जग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र सो को संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने व्यवस्था रहेको र यसरी संकलन गरेको राजश्व रकम प्रदेश स्तरमा रहेको कोषमा जम्मा गर्नु पर्ने व्यवस्था रहेको छ । यस कार्यालयले यो वर्ष घर जग्गा रजिष्ट्रेशन शुल्क असुल गरेको पाइएन ।	
१०	**आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाइएन ।	
११	**मौजुदा सूची -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क मा सोही ऐनको दफा ३०(६), ४१(१)(क) र ४६ बमोजिम खरिद गर्न तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा सार्वजनिक निकायले सोझै खरिद गर्ने प्रयोजनका लागि योग्यताको आधारमा सूची तयार गर्ने र यस्तो सूचीलाई अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सो अनुसार खरिद गर्दा मौजुदा सूचीमा दर्ता भएको प्रमाणपत्र (अनुसूची २ख) समेत पेश गरी खरिद नगरेको एवं कार्यालयले मौजुदा सूचीको अभिलेख दर्ता पुस्तिका (अनुसूची २ग) अद्यावधिक नगरेकोले सो सूचीमा समावेश भएका व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकबाट प्रस्ताव माग गरि खरिद गरेको यकिन गर्ने आधार भएन ।	
१२	**आन्तरिक लेखा परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था रहेको छ । यस कार्यका लागि नेपाल सरकारले आन्तरिक लेखापरीक्षकको दरबन्दी स्वीकृत गरेपनि कार्यालयले आय र व्ययको आन्तरिक लेखा परीक्षण गराएको पाइएन । यसबाट आर्थिक कारोबारमा गल्तीहरु भएका छैनन भनी आश्वस्त हुने आधार भएन ।	
१३	**मेशिनको प्रयोग -** नेपाल सरकारले आन्तरिक रोजगारी सृजना र व्यवस्थापन गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम आरम्भ गरी बेरोजगारको सूचीमा समावेश भएका व्यक्तिहरुलाई सार्वजनिक क्षेत्रमा रोजगारी प्रदान गर्न एवं सामुदायिक पूर्वाधारको विकास गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ स्वीकृत गरी लागु गरेको छ । उक्त निर्देशिकामा रु. १ करोडसम्म लागत भएका आयोजनामा श्रममूलक प्रविधि प्रयोग गर्ने नीति लिएपनि पालिकाले मेशीन प्रयोगमा नियन्त्रण गरेको पाइएन ।	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
१४	**घर जग्गा रजिष्ट्रेशन शुल्क -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ एवं अनुसूची २ र ३ मा घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेशले र स्थानीय तहले लगाउन सक्ने व्यवस्था रहेको छ भने दफा ५(१)(ख) मा स्थानीय तहले घर जग्गा रजिष्ट्रेशन शुल्क लगाउँदा प्रदेशले लगाएको घर जग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४(१)(ख) मा घर जग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र सो को संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने व्यवस्था रहेको र यसरी संकलन गरेको राजश्व रकम प्रदेश स्तरमा रहेको कोषमा जम्मा गर्नु पर्ने व्यवस्था रहेको छ । यस कार्यालयले यो वर्ष घर जग्गा रजिष्ट्रेशन शुल्क असुल गरेको पाइएन ।	
१५	**आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाइएन ।	
१६	**मौजुदा सूची -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क मा सोही ऐनको दफा ३०(६), ४१(१)(क) र ४६ बमोजिम खरिद गर्न तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा सार्वजनिक निकायले सोझै खरिद गर्ने प्रयोजनका लागि योग्यताको आधारमा सूची तयार गर्ने र यस्तो सूचीलाई अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सो अनुसार खरिद गर्दा मौजुदा सूचीमा दर्ता भएको प्रमाणपत्र (अनुसूची २ख) समेत पेश गरी खरिद नगरेको एवं कार्यालयले मौजुदा सूचीको अभिलेख दर्ता पुस्तिका (अनुसूची २ग) अद्यावधिक नगरेकोले सो सूचीमा समावेश भएका व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकबाट प्रस्ताव माग गरि खरिद गरेको यकिन गर्ने आधार भएन ।	
१६.१	यस वर्ष गाँउसभाले देहायबमोजिमको बजेट प्रस्तावित गरेको अवस्था छ :	

सि.नं.	शीर्षक	रकम
१	वित्तीय समानीकरण अनुदान	७५३००००००.००
२	राजस्व बाँडफाँड	५८३९८०००.००
३	सशर्त अनुदान	१२१९००००००.००
४	प्रदेश समानीकरण अनुदान	११३४३०००.००
५	प्रदेश राजस्व बाँडफाँड	१९३९०९६.००
६	अनुमानित आन्तरिक आय	३२३६०००.००
७	गत वर्षको बाँकी	६००१००००.००
८	सामाजिक सुरक्षा भत्ता	४५०००००००.००
	कूल आय	**३७७१२६०९६.००**

१६.२ आर्थिक वर्ष २०७५।७६ को लागि सभाले देहायबमोजिम खर्च हुने अनुमान पेश गरेको देखिन्छ :

सि.नं.	शीर्षक	रकम
१	संघीय वित्तीय समानीकरण अनुदान	७५३००००००.००
२	संघीय राजस्व बाँडफाँड अनुदान	५८३९८०००.००
३	गत वर्षको मौज्दात (पूँजिगत)	४५४०५०००.००
४	गत वर्षको मौज्दात (चालु)	१४८५५०००.००
५	आन्तरिक आय	३२३६०००.००
६	प्रदेश राजस्व बाँडफाँड	१९३९०९६.००
७	प्रदेश समानीकरण अनुदान	११३४३०००.००
८	सशर्त अनुदान	१२१९००००००.००
९	सामाजिक सुरक्षा	४५०००००००.००

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	जम्मा ३७७३७६०९६.००	
१७	**व्यय अनुमान नगरेको -** गाउँपालिकाले आ. व. २०७५/७६ को आय व्ययको बजेट प्रस्तुत गर्दा आयतर्फ रु.३७,७१,२६,०९६।- को अनुमान प्रस्तुत गरेको पाइयो । व्ययतर्फ व्ययको अनुमान प्रस्तुत नगरी संचालन हुने आयोजना तथा कार्यक्रमहरूको प्रस्तावित बजेट प्रस्तुत गरेको छ । आयतर्फ गरिएका सशर्त अनुदानमा रु.५,८३,९८,०००।- र सामाजिक सुरक्षा भत्ता रु.४,५०,००,०००।- को व्ययतर्फ खर्च प्रस्तुत गरी खर्च/व्यय समावेश गरेको पाइएन । साथै गतवर्षको बाँकी मौज्दात रु.६,००,१०,०००।- आय विवरणमा समावेश गरेकोमा व्यय विवरण (कार्यक्रमतर्फ) रु.६,०२,६०,०००।- देखाएबाट आयभन्दा व्यय रु.२,५०,०००।- बढी देखाएको छ । अत: आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा आयतर्फ आयका श्रोत र खर्चतर्फ खर्च शीर्षक समावेश गरी बजेट (आय-व्यय) प्रस्तुत गरिनुपर्दछ ।	
१८	**सञ्चित कोष फिर्ता -** आर्थिक वर्षको अन्त्यसम्म पनि खर्च नभई बाँकी रहेको सशर्त अनुदान र अन्य कार्यक्रममको लागि छुट्टै अख्तियारीबाट प्राप्त भएको रकम संघीय सञ्चित कोष तथा प्रदेश सञ्चित कोषमा फिर्ता गरिनुपर्दछ । आ. व. २०७५/७६ को २०७६ आषाढ मसान्तसम्म खर्च नभई बाँकी रहेको रकम रु.१,२९,१६,३२२।४२ आ.व. को अन्त्यसम्म फिर्ता दाखिला हुन नसकी आ. व. २०७६/७७ को निम्न बैंक भौचर नं. र मितिबाट दाखिला भएको प्रमाण बैंक सक्कलप्रति भौचर पेश हुन आएको छ ।	

उपशीर्षक/ कार्यक्रम	दाखिला भौ.नं.	मिति	दाखिला रकम
संघीय सशर्त अनुदान	१७५५७२४	२०७६/४/१३	११२०७६००.४२
सामाजिक सुरक्षा भत्ता	१७५५७२२	२०७६/४/१३	१६१३६००.००
गरिबसँग विश्वेश्वर कार्यक्रम	१७५५७२०	२०७६/४/१३	९२००.००
स्थानीय पूर्वाधार विकास साझेदी कार्यक्रम	१७५५७२३	२०७६/४/१३	११८१७.००
प्रधानमन्त्री रोजगार कार्यक्रम	१७५५७२१	२०७६/४/१३	६६८६०.००
प्रदेश सामाजिक विकास मन्त्रालय सशर्त अनुदान	१७५५७२६	२०७६/४/१	७२४५.००
जम्मा			**१२९१६३२२.४२**

१९	**सवारी साधन खरिद -** २/२०७६/२/१९ गाउँपालिकाले यो वर्ष १ थान महिन्द्रा पिकअप गाडी खरिद गरी रु.४०,५४,०००।- खर्च लेखेको छ ।	
२०	**आन्तरिक नियन्त्रण प्रणाली कार्यान्यवन -** स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसार जोखिम क्षेत्र पहिचान, नियन्त्रणको वातावरण, सूचनाको आदनप्रदान, अनुगमन तथा मूल्यांकन जस्ता विषयलाई समेटी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने र सोही दफाको उपदफा ३ बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गाउँपालिकाको प्रमुख आफैँले वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था मिलानुपर्ने उल्लेख गरेकोमा तदनुरुपको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको एवं अनुगमन गरेको देखिएन । ● कार्यालयले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन । ● प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्ने व्यवस्था रहेकोमा प्रत्येक कर्मचारीलाई कार्य विवरण दिएको देखिएन ।	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	• कार्यक्रमगत खर्च खाता र योजनागत अभिलेख खाता आंशिक मात्र राखिएको छ । बजेटशिट तयार गरेको छैन । • आन्तरिक आम्दानी नियमको पालना गरी समयमा दाखिला गरेको पाइएन । • उपभोक्ता समितिको भुक्तानीबाट मर्मत सम्भार कोषमा रकम कट्टी गरी मर्मत सम्भार कोषको व्यवस्था गर्नुपर्नेमा गरेको छैन । साथै प्रतिष्पर्धा कायम गरी बोलपत्र एवं शिलबन्दी दरभाउपत्रबाट कार्य नगराई सम्पूर्ण निर्माण कार्य उपभोक्ता समितिबाट गराइएको छ । • गाउँपालिका भित्रका योजनाको पूर्ण रुपमा सम्भाव्यता अध्ययन गरेको पाइएन । गाउँ परिषदले योजना छनौट गरी खर्च गरिएको छ । यसले गर्दा कुन कुन योजना प्राविधिक रुपले अत्यावश्यक रहेको र लागत एवं प्रभावकारी रहेको भन्ने स्थिति छैन । • अन्तिम लेखापरीक्षण गर्नु पूर्व आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था भएकोमा कार्यालयले आन्तरिक लेखापरीक्षण गराएको छैन । • मूल्य अभिबृद्धि कर भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाइ दिएको पाइएन । • निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताब तयार गरी उक्त नापी किताबलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा कतिपय योजनाहरूको नापी लुज पेपरमा भर्ने गरेको पाइयो । अतः योजनागत नापी किताब बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गर्नुपर्दछ । • रसिद नियन्त्रण खाता राख्ने गरेको छैन । कानूनको परिपालना नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको र सेवा प्रवाहमा ढिलाइ भएको हुँदा यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । तसर्थ कानूनले तोके बमोजिमको कार्य गर्नुपर्दछ ।	
२१	**विद्युतिय लेखा :** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह संचितकोषका व्यवस्थापन प्रणाली कार्यान्वयन सम्वन्धि पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका, २०७४ को वुंदा नं. ५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सबै स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो संचितकोषको संचालनमा गर्नुपर्ने, वजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यस वर्ष गाउँपालिकाले Sub National Tresury Regulatory application (SUTRA)प्रयोगमा ल्याएको देखिएन । तसर्थ (SUTRA) प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नु पर्दछ ।	
२२	**नक्सा पास -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, दफा २७(२) मा गाउँपालिकाले भू-जोखिम संवेदनशिलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नु पर्ने र सोही मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने उल्लेख छ । यस गाउँपालिकाले गाउँ क्षेत्रभित्रका भवन निर्माण कार्य गर्दा गराउँदा नक्सा पास गराई भवन निर्माण गर्ने गरेको देखिएन भने भू-जोखिम संवेदनशिलताका आधारमा जग्गाको भू-उपयोग सम्बन्धी मापदण्ड समेत तोकेको देखिएन । तसर्थ, कार्यालयले ऐनमा भएको व्यवस्था लागु गर्नुपर्दछ ।	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

२३ **चौमासिक खर्च** -आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १३.२४ प्रतिशत, दोश्रो चौमासिकमा २१.२६ प्रतिशत र तेश्रो चौमासिकमा ४४.३८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र २९.७२ प्रतिशत खर्च देखिनुले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । अतः तोकिएको चौमासिक भित्र लक्ष्य अनुरुप खर्च गर्ने गरी कार्यक्रम संचालन हुनुपर्दछ ।तेश्रो चौमासिकमा भएको अधिकांश खर्च आषाढमा भएको छ । कार्यको गुणस्तरीयता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ ।

क्र. सं.	बजेट उपशीर्षक	कूल निकासा बजेट	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
१	गत वर्षको अल्या	६०८५३८३३.०५	७७९३०१.००	१०६५२५६७.००	१४७९०२०३.३५	९१९९६०९.३५
२	वित्तीय समानीकरण अनुदान	७५३०००००	४८९१३७.००	५४८१७९५.००	५८५७८३८१.००	३१८३६४१३.००
३	संघीय राजस्व बाँडफाँड	४८०५४६०८.६६	६९८५९९३.७०	४२४८४८९.९०	१६५७३१००.६०	१०४८४६१४.००
४	संघीय सशर्त अनुदान	१३७६८६५६८.००	३२४०६१२८.२०	५१४५६६६५.६८	४२६१६१७३.७०	३५७५४९२६.९०
५	प्रदेश वित्तीय समानीकरण अनुदान	११०३३०००.००	०.००	६००००००.००	८१३४१९४.००	५९९७९८२.००
६	प्रदेश राजस्व बाँडफाँड	१९३९०९६.००	०.००	०.००	२८००००.००	८००००.००
७	आन्तरिक आय	३५६५२११.५९	०.००	०.००	९६६१९०.००	९६६१९०.००
८	सामाजिक सुरक्षा भत्ता	४२५९७०००.००	१३५१०४००.००	१३८८८२००.००	१३५८४८००.००	१३५८४८००.००
९	प्रदेश अन्य	३३७९९७५.००	०.००	०.००	३०७२७५५.००	३०७२७५५.००
१०	अन्य	२१७४०४५०.००	०.००	०.००	२१६५१७७३.००	९७४३२९७.८५
	जम्मा	**४०६१४९७४२.३०**	**५४१७०९५९.९०**	**८६३२७७१७.५८**	**१८०२४७५७०.६५**	**१२०७२०५८८.१०**
	प्रतिशत		**१३.३४**	**२१.२६**	**४४.३८**	**२९.७२**

२४ **न्यायीक समिति :** आर्थिक वर्ष २०७५/७६ मा न्यायीक समितिमा कूल ६० वटा उजूरी निवेदन दर्ता भएकोमा ५८ निवेदनको कारबाही टुङ्गो लगाएको र २ वटा मुद्दा जिल्ला अदालत म्याग्दीमा पठाएको पाइयो ।

२५ **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमस्रोत अनुमान तथा वजेट सीमा निधांरण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गनं सक्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष ७ वटा वडा कार्यालय र गाँउपालिका मार्फत मालपोत, सिफारिस दस्तुर, पञ्जीकरण, प्राकृतिक श्रोत, नक्सा, व्यवसाय दर्ता लगायतका शीर्षकमा रु.३५,६५,२११।६९ राजस्व असूली गरेको विवरण पेश गरेको छ । वडागत रुपमा राजस्व आयको लक्ष्य निर्धारण गरेको देखिएन ।

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
२६	**बरबुझारथ -** मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले हालसम्म अद्यावधिक गरेको पाइएन । गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
२७	**स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।	
२८	**योजना र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले यो अनुसारको प्राथमिकीकरण नगरी समग्रमा योजना छनौट गरेको र योजनाहरू मूलतः सडक निर्माणतर्फ केन्द्रित गरेको पाइयो ।	
२९	**राजस्व अभिलेख -** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरूबाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । आ. व. २०७५/७६ मा कति नगदी रसिद तथा मालपोत रसिद छपाइएको हो रसिद नियन्त्रण खाता राखेको नपाइएकोले यकिन हुन सकेन । कुनै नगदी रसिदहरू ३ प्रति र कुनै २ प्रति छपाइएको छ । नगदी रसिदहरू वडाहरूलाई कति/कति बुझाएको हो रेकर्डमा देखिदैन । वडाबाट प्राप्त रसिदहरूबाट प्राप्त रकम नै वास्तविक आम्दानी हो भन्न सकिने अवस्था रहेन । अतः गाउँपालिकाले रसिद नियन्त्रण खाता राखी राजस्व आम्दानी वास्तविक र भरपर्दो बनाउनेतर्फ ध्यान दिनुपर्दछ । यो वर्ष गाउँपालिका र वडाबाट प्राप्त रसिदहरू १३२ थान ठेलीबाट कूल रु.२६,३२,०७०।- आन्तरिक आम्दानी प्राप्त भएको छ । उक्त प्राप्त रकम मध्ये वडा नं.४ को रु.२००।- र ६ नं. वडाबाट रु.३४,७५५।- समेत रु.३४,९५५।- दाखिला भएको नपाइएकोले उक्त रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.	३४७५५
२९.१	निम्न नगदी रसिद तथा मालपोत रसिद वडाहरूले बुझेर लगेको तर लेखापरीक्षणमा पेश हुन आएन । उक्त रसिदहरूबाट के कति आम्दानी भएको हो यकिन गर्ने आधार भएन । कार्यालयबाट छानविन गरी उक्त रसिदबाट प्राप्त रकम र सोमा आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार जरिवाना समेत असुल गरी दाखिला गराउनुपर्ने देखिन्छ ।	

वडा नं.	नगदी रसिद	मालपोत रसिद	जम्मा ठेली	बुझिलिने
१	-	३१५१-३२००	१	टंक पुन/अमरबहादुर पुन
२	२९०१-२९५०	-	१	रुद्रबहादुर बि. क.
४	५१-१५०	-	२	रमाकान्त घिमिरे
५	३२०१-३२५०	२२५१-२३००	४	उमाकुमारी पुन

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	<table><tr><td></td><td>१०१-१५०</td><td>२५५१-२६००</td><td></td><td></td></tr><tr><td>६</td><td>३०५१-३१५०</td><td></td><td>१</td><td>सोमनाथ के.सी.</td></tr><tr><td>७</td><td>५५१-६००</td><td>२६२-३००</td><td>४</td><td>मिलन थापा</td></tr><tr><td></td><td>२२५१-२३००</td><td>२२०१-२२५०</td><td></td><td></td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>१३</td><td></td></tr></table> वडा नं. ३ को रसिद बुझेर लगेको नदेखिएको तर नगदी रसिद ५ ठेली र मालपोत रसिद ४ ठेलीबाट आम्दानी प्राप्त भएको छ ।	
३०	**कृषक भ्रमण -** १५४/२०५४/२०७६/२/१ - स्वीकृत वार्षिक कार्यक्रम अनुसार मालिका गाउँपालिका वडा नं. ४ का ३१ जना कृषकहरूलाई पोखरा, तनहुँ, चितवन, धनकुटामा माछापालन व्यवसाय, बाखापालन, कुखुरा फार्म, कृषि तथा अनुसन्धान केन्द्र लगायत पकेट क्षेत्रको अवलोकन भ्रमण गराइ रु.२,००,०००।- खर्च लेखेको पाइयो । भ्रमणमा गाडीभाडा प्रतिदिन रु.१४,०००।- ले ५ दिनको रु.७०,०००।- खर्च लेखेको छ । गाडी भाडामा लिँदा दररेट माग गर्नुपर्नेमा माग गरेको पाइएन । गाडीको दररेट लिएर र सम्झौता गरेरमात्र गाडी प्रयोग गरिनुपर्दछ ।	
३१	**बढी भुक्तानी -** २२५/२०७६/३/२६ निर्माण कार्यमा जिल्ला दररेट तथा गाउँपालिकाको दररेट प्रयोग गरिनुपर्दछ । गाउँपालिकाले आफ्नो दररेट नबनाएको अवस्थामा जिल्लाले तयार गरेको दररेट नै प्रयोग गर्नुपर्ने हुन्छ । ओखरबोट मा. वि. को खेलमैदान निर्माण कार्यमा खर्च भएको रकम रु.५,८२,४२०।- मध्ये गाउँपालिकाबाट रु.५,२८,०००।- भुक्तानी भएको छ । खेल मैदानको लागि प्रयोग भएको १३१५.५० के.जी. तारजाली ढुवानी गर्न २ ट्रिप प्रति रु.९,०००।- ले रु.१८,०००।- खर्च लेखेको पाइयो । दरबाङबाट खरिद भएको तारजाली करिब १० कि. मी. को दुरीमा ढुवानी गर्दा भौगोलिक विकटता र कच्चीबाटोमा नर्म्सअनुसार ढुवानी हुन नसक्ने भनी प्रति ट्रिप ट्रिप रु.९,०००।- राखेको भन्ने गाउँपालिकाको भनाइ रहेको पाइयो । अन्य यस्तै प्रकारका ढुवानीमा अधिकतम प्रति ट्रिप रु.६,५००।- भुक्तानी भएको पाइएकोले तारजालीको ढुवानीमा प्रति ट्रिप रु.९,०००।- भुक्तानी हुँदा २ ट्रिपको बढी भुक्तानी भएको रु.५,०००।- असुल फिर्ता हुनुपर्ने रु.	५०००
३२	**कार्यसम्पन्न पेश नभएको -** २२९/२०७६/३/२६ निर्माण तथा मर्मत कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ । मालिका गाउँपालिका वडा नं. १ निस्कोटमा रहेको श्री जनजागरण आधारभूत विद्यालय मर्मत र अति विपन्न दुधबहादुर कामीको घर मर्मतको लागि रु.८७,६२६।- बराबरका विभिन्न राहत सामाग्रीहरू टिन, काटी, प्लेनसिटकलर, कब्जा, हेन्डिल, पाइप लगायतका विभिन्न राहत सामाग्रीहरू संगम हार्डवेयरबाट खरिद गरी गाउँपालिकाले वडा नं. १ का वडा अध्यक्ष श्री टंकप्रसाद पुनलाई बुझाएको पाइयो । उक्त सामान व्यक्तिले बुझेको तथा मर्मत कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	८७६२६
३३	**नर्म्सभन्दा बढी भुक्तानी -** २३४/२०७६/३/२७ गण्डकी प्रदेश आर्थिक मामिला तथा योजा मन्त्रालयको खर्चको मापदण्ड, २०७५ को नियम ६ को (४) अनुसार तालिम केन्द्रबाहेक अन्य निकायबाट संचालित सबै प्रकारका तालिमका प्रशिक्षकहरूलाई जिल्ला तथा स्थानीय स्तरमा संचालित तालिममा प्रशिक्षकलाई कार्यपत्रबापत रु.१,०००।- र कक्षा संचालन बापत रु.८००।- का दरले खर्च लेख्न सकिने देखिन्छ । गाउँपालिकाले संचालन गरेको व्यवसायिक सतुवाखेती बिस्तार तालिम मिति २०७५/१२/७ देखि २०७५/१२/९ सम्म ३ दिन संचालन गरेको पाइयो । उक्त तालिम एउटै प्रशिक्षकबाट एकै दिनमा ४ सेसन संचालन गरिनु नियमसम्मत देखिएन । तालिमका प्रशिक्षक श्री चन्द्रमणि सापकोटालाई प्रति कार्यपत्रवापत रु.१,५००।- का दरले ३ वटा कार्यपत्रको रु.४,५००।- र	१११००

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	कक्षा संचालनवापत रु.१,६००।- का दरले १२ कक्षाको रु.१९,२००।- समेत रु.२३,७००।- भुक्तानी दिएको पाइयो । नर्म्सअनुसार ३ वटा कार्यपत्रको रु.३,०००।- र कक्षा संचालन १२ सेसनको हुने रु.९,६००।- समेत रु.१२,६००।- मात्र खर्च लेख्न सकिनेमा बढी खर्च लेखेको रकम असुल फिर्ता हुनुपर्ने रु.	
३४	**अन्य प्रयोजनमा खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) अनुसार खर्चको रकम निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न बाँकी छ भने मात्र खर्चको निकासाको आदेश दिन सकिने व्यवस्था छ । गाउँपालिकाको २०७६/२/१ को निर्णय नं. १६ ले निम्नानुसार जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई फर्निचर खरिद तथा भवनको रङ्गरोगन कार्यका लागि उक्त कार्यालयहरूले पत्रसाथ पेश गरेको बिलको रकम भुक्तानी दिएको नियमसम्मत नभएको रु.	२३१५८०
	(क) २५२/२०७६/३/३० जिल्ला प्रहरी कार्यालय म्याग्दीको भवनको रङ्गरोगन र टायल लगाउने कार्यको लागि भुक्तानी भएको रु.७७,९००।-	
	(ख) ९९/२०७६/३/२६ जिल्ला प्रशासन कार्यालय म्याग्दीलाई ६४×२८' साइजको १ थान मिटिङ्ग टेबल खरिदको बिल अनुसार भुक्तानी भएको रु. १,५३,६८०।-	
३५	**अनुगमन नभएको -** स्वीकृत वार्षिक कार्यक्रम अनुसार लघुउद्यमीहरू तथा आय आर्जन कार्यक्रमको लागि खरिद तथा प्रविधि हस्तान्तरणको गाउँपालिका र उद्यमीबीच भएको सम्झौता अनुसार गाउँपालिकाबाट उक्त हस्तान्तरण भएका प्रविधिहरूको प्रयोग, संचालन र आय आर्जन कार्यहरू के कसरी भएका छन् सोको अनुगमन तथा निरीक्षण गरी उक्त लघुवित्त तथा आय आर्जनका कार्यहरूलाई प्रभावकारी बनाइनुपर्नेमा गाउँपालिकाबाट अनुगमन, निरीक्षण गरेको पाइएन । अनुगमन तथा निरीक्षण नियमित रुपमा गरिनुपर्दछ । गाउँपालिकाबाट प्रविधि हस्तान्तरण गरिएको तर सोको अनुगमन तथा निरीक्षण नभएका कार्यहरू केही निम्न रहेका छन् । (क) २५९/२०७६/३/३० दिदी बहिनी लघुउद्यम समिति वडा नं. २ म्याग्दीलाई निम्न सामान खरिद गरी ढुवानीसमेत रु.३,८५,०६०।- खर्च भएको ।	

क्र.सं.	सामानको विवरण	खर्च रकम
१.	Hard Knitting Machine १ थान	१५००००.००
२.	Jacke Over Loe Sewing Machine १ थान	८००००.००
३.	Jack Industrial Sewing Machine १ थान	६००००.००
४.	ढाका बुन्ने तान - २ थान	७००६०.००
५.	ढुवानी	२५०००.००
	जम्मा	**३८५०६०.००**

	(ख) ३१/२०७६/२/२६ महिला आय आर्जन कार्यक्रम तथा तालिमका लागि सामाग्री खरिदगरी मालिका गाउँपालिका वडा नं. ७ संगम म्याग्दीलाई सेमी अटोमेटिक नेटिङ्ग मेशिन ५२" को खरिद गरी गरी भुक्तानी भएको रु.३,८०,०००।- मध्ये गाउँपालिकाबाट रु.२,५०,०००।- भुक्तानी भएको छ ।	
३६	**कार्यक्रम संशोधन नभएको -** १७/२०७६/१/१५ (क) स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यहरू संचालन गरिनुपर्दछ । गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडा नं. १ मा होमस्टे तालिम संचालन गर्न रु.१,००,०००।- र होमस्टे भ्रमणका लागि रु.१,००,०००।- बजेट व्यवस्था भएको पाइयो । कार्यक्रम संशोधन नगरी होमस्टे	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	तालिम संचालन गरेको पाइएन । कार्यक्रम संशोधन नगरी होमस्टे तालिमका लागि छुट्टयाएको बजेट/कार्यक्रमबाट होमस्टे भ्रमणको लागि खर्च गरेकोछ । मिति २०७५/१२/१३ देखि २०७५/१२/१५ सम्म तनहुँ, लमजुङ र कास्कीको भ्रमण गराई रु.२,००,०००।- खर्च भएको छ । कार्यक्रम संशोधन नगरी होमस्टे तालिमको लागि छुट्टयाएको कार्यक्रमबाट होमस्टे भ्रमणमा खर्च गरेको रकम वार्षिक कार्यक्रम र नियमसम्मत नभएको रु. (ख) होमस्टे तालिम नभएकोमा तालिमको प्रतिवेदन लेखनवापतवडा सचिव अमरबहादुर पुनलाई खर्च लेखेको रु.१,०००।- बाट कर कटाई भुक्तानी भएको रकम असुल फिर्ता हुनुपर्ने रु.	१००००० ८५०
३७	**आय रकम प्राप्त नभएको -** गाउँपालिका वडा कार्यालयहरू र अन्तर्गतका कार्यालय/निकायबाट प्राप्त गरेको सबै आम्दानी गाउँपालिकाको आन्तरिक आम्दानीमा जनाई गाउँपालिकाको संचित कोषमा दाखिला गरिनुपर्दछ । गाउँपालिका वडा नं. ६ अन्तर्गत रहेको प्राथमिक स्वास्थ्य केन्द्र दरबाङले टिकट दस्तुर, ल्याब दस्तुर र USG (भिडियो एक्सरे) लगायतबाट प्राप्त शुल्क/दस्तुरको कूल आम्दानी रकम गाउँपालिकामा दाखिला गर्नुपर्नेमा दाखिला गरेको पाइएन । प्राथमिक स्वास्थ्य केन्द्रमा हुने सम्पूर्ण खर्च गाउँपालिकाबाट हुने गरेको छ । दाखिला गर्न नपर्ने भए निर्णय तथा प्रमाण पेश गर्नुपर्ने अन्यथा प्राथमिक स्वास्थ्य केन्द्रमा प्राप्त सबै आम्दानी गाउँपालिकामा दाखिला गर्नुपर्दछ ।	
३८	९३/२०७६/३/२४ स्वीकृत वार्षिक कार्यक्रम अनुसार नविकरणीय उर्जाको सम्भाव्यता अध्ययन गर्न EPSOM Engineering Consultancy Pvt. Ltd. तीनकुने काठमाठौंसँग २०७६/१/३१ मा सम्झौता भएको पाइयो ,। रु.२,४९,७३०।- दिने गरी सम्झौता भएकोमा कार्यसम्पन्न पश्चात अन्तिम रिपोर्ट पेश गरेपछि रु.२,४९,६१७।- खर्च लेखी भुक्तानी भएको छ । कार्यक्रम र उद्देश्य अनुसार प्राप्त प्रतिवेदनको आधारमा नविकरणीय उर्जा कार्यक्रमहरू संचालन गर्नुपर्नेमा भए गरेको देखिएन । प्रतिवेदनमा उल्लेखित कार्यक्रमहरू कार्यान्वयन गर्नेतर्फ गाउँपालिकाले प्रभावकारी कदम चाल्नुपर्ने देखिन्छ ।	
३९	**कार्यसम्पन्न पेश नभएको -** १२३/२०७६/३/३० आ. व. २०७४/७५मा तत्कालिन जिल्ला शिक्षा कार्यालय बेनी र किसानी माध्यमिक विद्यालयबीच विद्यालयमा ४ कोठे भवन बनाउन रु.३६,००,०००।- लागतमा आ. व. २०७५/७६ सम्ममा निर्माण तथा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा उक्त भवनको निर्माण कार्य तोकिएको समयमा सम्पन्न हुन सकेको पाइएन । विद्यालयको च. नं. ७१ मिति २०७६/३/३० को पत्र अनुसार २०७६ श्रावण महिनाभित्रमा निर्माण कार्य सम्पन्न गर्ने प्रतिबद्धता अनुसार गाउँपालिकाको खातामा रहेको रु.१८,००,०००।- विद्यालयको खातामा निकासा गरेको पाइयो । उक्त प्रतिवद्धता अनुसार निर्माण कार्य सम्पन्न भएको प्रमाण पेश भएको छैन । भवन निर्माणको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.	१८०००००
४०	तल्लो गाउँ ढल निकास (वडा नं. ७) उपभोक्ता समिति योजनामा १५० मिटर लामो १ मिटर चौडाई र ५० से.मि. गहिरोढल निर्माण गर्न १ मि. चौडाई भएको नाली खनी १.१० मि. सोलिङ गर्ने र पि.सि.सि. गर्ने लागत अनुमान तयार गरी सोही अनुसारको मूल्याङ्कन गरी भुक्तानी गरेको पाइयो । १ मि. चौडा नाली खनेकोमा अधिकतम १ मिटर सोलिङ्ग तथा पि. सि. सि. गर्न सकिनेमा खनेको भन्दा १० से. मि. बढी चौडाई मूल्याङ्कन भएको देखिन्छ । यसरी वास्तविक काम भन्दा बढी मूल्याङ्कन गरेको सोलिङ्ग कार्य १५० मिटर लामो ०.१० मिटर चौडाई र ०.१० मिटर उचाई अर्थात् १.५ घ. मि. को रु.२७४५।- को दरले रु.४,११७।५० तथा पि. सि. सि. (१:३:६) को लम्बाई १५० मिटर चौडाई ०.१० र उचाई ०.०८ मिटर अर्थात् १.२ घ. मि. को रु.११,९२८।१० को दरले रु.१४,३१३।७२ गरी कूल	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	रु.१८,४३१।- बढी भुक्तानी भएको देखिएकोले सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु.	
४१	९४/२०७६/२/२६ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार खर्चको सक्कल बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले दुलुलेक-दिच्याम सडक निर्माण उपभोक्ता समितिसँग रु.२३,६०,९४०।- मा कार्य गर्ने गरी सम्झौता भएकोमा उक्त मध्ये पालिकाले रु.२१,१२,०००।- व्यहोर्ने सम्झौता भएको देखिन्छ । उक्त कार्यसम्पन्न पश्चात पेश भएको बिल भरपाई परीक्षण गर्दा टाकुरा विकास बिल्डर्स प्रा. लि. म्याग्दीले पेश गरेको विजक अनुसार निर्माण व्यवसायीले माटो काटेवापत विजक नं. ४० मिति २०७६/२/२० मा मू. अ. कर सहित रु.२१,१२,०००।- को विजक जारी गरेको देखिन्छ तर उपभोक्ता समितिलाई रु.२३,५९,४४०।- खर्च लेखी भुक्तानी दिएको पाइएकोले वास्तविक खर्च भन्दा बढी मू. अ. कर सहित रु.२,४७,४४०।- भुक्तानी भएको रकम मध्ये कार्यालयले व्यहोर्ने ९०% अर्थात् रु.२,२२,६९६।- सम्बन्धित उपभोक्ता समितिबाट असुल फिर्ता हुनुपर्ने रु.	२२२६९६
४२	जिल्लाभित्र सामान ढुवानी गर्दा जिल्ला दररेट निर्धारण समिति वा स्थानीय तहले तोकेको दररेट अनुसार ढुवानी खर्च लेख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विभिन्न योजना कार्यान्वयन गर्ने क्रममा विभिन्न किसिमको निर्माण सामाग्री ढुवानी गरी ढुवानी खर्च लेखेको छ । यसरी ढुवानी खर्च गर्दा तोकेको दररेटअनुसार खर्च लेख्नुपर्नेमा लमसम वा टिपको आधारमा खर्च लेखेको पाइयो । यस सम्बन्धमा कार्यालयको भनाई बुझ्दा जिल्ला दररेट अनुसार ढुवानी गर्न ढुवानीकर्ता नमान्ने भएकोले चलनचल्तीको आधारमा ढुवानी खर्च लेखेको जनाएको छ । यसरी स्थानीय तहले आफ्नो क्षेत्रभित्र दररेट निर्धारण नगरेको र जिल्ला दररेटको आधार पनि नलिई विना आधार ढुवानी खर्च लेखेको केही उदाहरण निम्नानुसार छन् :-	

भौ.नं./मिति	योजना/ उपभोक्ता समिति	ढुवानी स्थान	लागत अनुमान	परिमाण	दर	रकम
११७/२०७६/३/१९	औल जेम हुँदै दुरलेक मोटरबाटो	दरबाडदेखि रुम	६८९८९४.००	१ ट्रिप	५०००	५०००
		रुमदेखि निर्माणस्थल		मानिसद्वारा ढुवानी	लमसम	५००००
९६/०७६/२/२६	दरबाङ खारा बिम सडक स्तरोन्नति	दरबाडदेखि बिम	२११२९०९.७२	१२ ट्रिप	२५००	३००००
८८/२०७६/२/२८	खालिबोट संरक्षण रुम	दरबाडदेखि रुम	३१७२८६.००	१ ट्रिप	६५००	६५००
				१ ट्रिप	७०००	७०००
				१ ट्रिप	७५००	७५००
		जम्मा	३१२००८९.७२			१०१०००

४२.१	**ढुवानी खर्च** :जिल्लाभित्र सामान ढुवानी गर्दा जिल्ला दररेट निर्धारण समिति वा स्थानीय तहले तोकेको दररेट अनुसार ढुवानी खर्च लेख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले औल जेम हुदै दुरलेक मोटरबाटो निर्माण कार्यको लागि दरवाडदेखि रुम र रुमदेखि योजनास्थलसम्म मानिसद्धारा विभिन्न निर्माण सामाग्रीको ढुवानीवापत एकमुष्ठ रु.५००००।०० खर्च लेखेको पाइयो । जिल्लाभित्र दररेट निर्धारण समितिले तोकेको दरमा ढुवानी खर्च लेख्नुपर्नेमा लमसममा रकम भुक्तानी भएकोले उक्त रकम अनियमित भएको रु...	५००००
४३	१४५/२०७६/३/२७ पालिकाको मिति २०७५ माघ १४ गतेको निर्णयअनुसार उपभोक्ता समितिबाट संचालन हुने रु.५,००,०००।- भन्दा बढी लागतका पूर्वाधार निर्माणको काममा हेभी इक्यूपमेन्ट	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	कोटेशनको माध्यमबाट छनौट गर्नुपर्ने निर्णय गरेको पाइयो । फुलबारी महभिर हुँदै ४ नं. वडा कार्यालय सडक स्तरोन्नोति गर्न उपभोक्तासँग सम्झौता गरी कार्य गराएको पाइयो । उक्त बाटो निर्माण कार्यको लागि उपभोक्ता समितिले कोटेशन माग गर्दा सबैभन्दा कम दर पेश गर्ने ए. सी. कन्स्ट्रक्सन प्रा. लि. लाई छनौट गर्ने निर्णय गरेको छ । उक्त कार्य सम्पन्नपश्चात कार्यालयमा पेश भएको बिल भरपाई परीक्षण गर्दा बाटो खन्ने काममा डोजर प्रयोगवापत रोयल धौलागिरी बिल्डर्स एण्ड सप्लायर्सको बिल विजक समावेश गरी रु.१८,१८,१७०।- भुक्तानी गरेको देखिएकोले यसरी कोटेशनमा छनौट भएका बाहेक अन्य संस्थासँग काम गराएको नियमसम्मत नदेखिएको रु.	१८१८१७०
४४	१३१/२०७६/३/२६ निर्माण कार्यको भुक्तानी गर्दा प्रत्येक इकाई कामको जिल्ला दररेट अनुसार हिसाब गरी भुक्तानी गर्नुपर्दछ । जनप्रिय खेल मैदान निर्माण उपभोक्ता समितिसँग लागत अनुमान रु.४,६०,७३९।५० भएको उक्त कार्यको गाउँपालिकाबाट रु.३,८४,०००।- अनुदान दिने सम्झौता भएको देखिन्छ । उक्त कार्यको भुक्तानी गर्दा जिल्ला दररेट भन्दा बढी रेटमा भुक्तानी गरेकोले बढी भुक्तानी रु.१३,०७२।- सम्बन्धितबाट असुल गर्नुपर्ने रु.	१३०७२
४५	५४/२०७५/१२/२९ थापाचौर तटबन्ध वडा नं. ५ उपभोक्ता समितिसँग रु.४,२९,६८१।- कार्यसम्पन्न गर्ने र उक्त खर्च मध्ये गाउँपालिकाले रु.३,८४,०००।- व्यहोर्ने गरी सम्झौता भएको देखिन्छ । उक्त कार्यमा ग्यावियन भर्न आवश्यक ढुङ्गा निर्माण स्थल म्याग्दी खोलामा प्रशस्त मात्रामा पाइने देखिएकोमा उपभोक्ता समितिले ट्याक्टरबाट ढुङ्गा ढुवानी भाडावापत २० ट्रिपको रु.२५००।- को दरले रु.५०,०००।- खर्च लेखेको छ । यस्ता खर्च नियन्त्रण गरिनुपर्दछ ।	
४६	१११/२०७६/३/१८ लागत अनुमान रु.४,२३,२०६।- भएको रिटुङ खोला तटबन्ध निर्माण गर्न उपभोक्ता समितिलाई गाउँपालिकाबाट रु.४,००,०००।- अनुदान दिने गरी निर्माण गर्न सम्झौता भएको देखियो । उक्त तटबन्ध निर्माण गर्न (ग्यावियन तारजाली) भर्न आवश्यक पर्ने ढुङ्गा खोलामा प्रशस्त मात्रामा रहेकोमा उपभोक्ता समितिले ट्याक्टरबाट ढुङ्गा ढुवानीवापत रु.६२,५००।- खर्च लेखेको छ । यसरी ढुङ्गा ढुवानीवापत लेखेको खर्च रु.६२,५००।- को कट्टी भएको बहालकर रु.६,२५०।- कट्टी गरी बाँकी हुन आउने रु.५६,२५०।- सम्बन्धितबाट उपभोक्ता समितिबाट असुल फिर्ता हुनुपर्ने रु.	५६२५०
४७	१०२/२०७६/३/१६ हुल्ने ढल निकास, रुम उपभोक्ता समितिसँग रु.४,२३,८८३।- कार्यसम्पन्न गर्ने र उक्त खर्च मध्ये गाउँपालिकाले रु.३,८४,०००।- व्यहोर्ने गरी सम्झौता भएको देखियो । उक्त कार्यको लागत अनुमानमा खच्चडबाट ढुवानी गर्ने कार्यवापत ८५ ट्रिपको रु.१७५।- को दरले रु.१४,९७५।- खर्च हुने देखाएकोमा कार्यसम्पन्न गर्दा परिमाण र दर नदेखाई सोझै रु.४२,०००।- खर्च लेखेकोले बढी खर्च लेखेको रु.२७,१२५।- सम्बन्धित उपभोक्ता समितिबाट असुल फिर्ता हुनुपर्ने रु.	२७१२५
४८	मालिका गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७५ माघ १४ गतेको निर्णय नं. ९ अनुसार उपभोक्ता समितिले रु.५,००,०००।- भन्दा बढीको लागत पूर्वाधारको निर्माणको काममा प्रयोग हुने हेभी इक्यूपमेन्टको कोटेशन आह्वान गरी काम गराउनुपर्ने उल्लेख गरिएको छ । गाउँपालिकाले उपभोक्ता समितिमार्फत् बाटो निर्माण तथा स्तारोन्नोति तथा अन्य कार्य गराएको छ । उपभोक्ता समितिले बाटो निर्माण तथा मर्मत कार्यमा प्रयोग हुने स्काभेटर तथा ब्रेकरको लागि कोटेशन माग गरी कार्य गराएको पाइयो । माग भएको कोटेशन मध्ये लागत अनुमानमा रहेको आइटम तथा परिमाणको आधारमा न्यूनतम दररेट पेश गर्ने सप्लायर्स तथा निर्माण व्यवासायी छनौट गर्नुपर्नेमा कोटेशनमा पेश भएको अन्य आइटमको दररेट समेतको योगफललाई दररेट मानी छनौट गर्दा	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	न्यूनतम दररेट पेश गर्ने सप्लायर्स भन्दा अन्य सप्लायर्स छनौट भई थप व्ययभार परेको देखिन्छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छन् :	
४८.१	९८/२०७६/२/२६ फुलबारी सोहोबोट सोले हुँदै लामेला तमान मोटरबाटो निर्माण गर्न लागत अनुमान रु.१३,७२,९४९।५० भएको कार्यमा गाउँपालिकाले रु.१३,००,०००।- व्यहोर्ने गरी उपभोक्ता समितिसँग सम्झौता भएको देखिन्छ । उक्त सम्झौता अनुसार उपभोक्ता समितिले बाटो खन्न विभिन्न ७ वटा फर्मबाट कोटेशन लिई करण अर्जुन निर्माण सेवासँग कार्य गराएको पाइयो । उपभोक्ता समितिले लागत अनुमानमा भएको आइटम र परिमाणको मात्र तुलना गरी सबैभन्दा कम दर पेश गर्ने धमनी देउराली निर्माण सेवा छनौट गरी नरम माटो काट्ने २२५० घ. मि. को मू. अ.कर समेत रु.५३.११ को दरले रु.१,१९,४९७।- र कडा माटो ९१०० घ. मि. को रु.६२.१५ को दरले रु.५,६५,५६५।- गरी रु.६,८५,०६२।- खर्च हुनुपर्नेमा करण अर्जुन निर्माण सेवा छनौट गरी रु.९,९०,२१९।- खर्च भएको देखिएकोले गलत छनौट प्रक्रिया अपनाई रु.३,०५,१५७।- बढी खर्च गरेको नियमसम्मत नदेखिएको रु.	३०५१५७
४९	१२६/२०७६/३/२५ देविस्थान सिस्नेरी सोले सडक निर्माणको लागत अनुमान रु.२१,१२,५००।- भएको कार्य गाउँपालिकाले रु.१९,२०,०००।- व्यहोर्ने गरी सम्झौता भएको पाइयो । उक्त कार्य गर्न उपभोक्ता समितिले ७ वटा निर्माण व्यवसायीको कोटेशन लिई कार्य गराएको छ । कोटेशनको माध्यमबाट निर्माण व्यवसायी छनौट गर्दा सबैभन्दा कम दररेट पेश गर्ने ए. सी. कन्स्ट्रक्सन र दोश्रो शेरचन कन्स्ट्रक्सनले मापदण्ड भित्रको आवश्यक कागजात तथा प्रक्रिया अपुग भएकोभनी तेश्रो कम कबोल गरेको ओमेन ओस्करलाई छनौट गरी कार्य गराएको पाइयो । लागत अनुमानमा भएको Item को Quantities आधार लिई छनौट गर्नुपर्नेमा अन्य आइटन समावेश गरी सबै आइटमको योगफल निकाली न्यूनतम दररेट मानी काम गराएकोले बढी व्ययभार परेको देखिन्छ । कोटेशनबाट प्राप्त भएको दररेट अनुसार धमनी देउराली निर्माण सेवा, बाग्लुङ छनौट गरेको भए कडा माटो खन्ने ११६९५.०६ घ. मि. को रु.५८।७६ को दरले रु.६,८७,२०१।७३ नरम चट्टान काट्ने ४४८.५० घ. मि. को रु.१८६।४५ का दरले रु.८३,६२३।- त्यस्तै मध्यम चट्टान काट्ने ३१.१० घ. मि. को रु.४०६।८० को दरले रु.१२,६५१।४८ गरी कूल रु.७,८३,४७५।७३ खर्च हुनेमा ओमेन ओस्कर कन्स्ट्रक्सन छनौटगरी रु.१२,००,७२८।१९ खर्च भएको देखिएकोले छनौट गर्नुपर्ने निर्माण व्यवसायी बाहेक अन्य छनौट गर्दा थप रु.४,१७,२५२।- व्ययभार पारेको अनियमित देखिएको रु.	४१७२५२.४६
५०	११६/२०७५/३/१९ खर्वाङ ताराखोला सडक निर्माण गर्न लागत अनुमान रु.२१,१६,०१७।४८ भएको कार्यमा गाउँपालिकाले रु.१९,२०,०००।- व्यहोर्ने गरी उपभोक्ता समितिसँग सम्झौता भएकोमा उपभोक्ता समितिले ५ वटा कोटेशन लिई बाटो खन्ने करण अर्जुन निर्माण सेवा छनौट गरेकोछ । सबैभन्दा न्यूनतम दररेट पेश गरेको ढोरपाटन कन्स्ट्रक्सनलाई सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित नभएको भनि अयोग्य ठहराएको छ । सम्पूर्ण कागजात पेश गरेको ढोरपाटन कन्स्ट्रक्सन छनौट गरेको भए रु.१६,००,२४०।- खर्च हुनेमा अन्य निर्माण व्यवसायी छनौट गरी रु.१८,५४,३५०।- खर्च लेखेकोले बढी खर्च भएको रु.२,५४,११०।- नियमसम्मत नदेखिएको रु.	२५४११०

क्र. सं.	कामको विवरण	परिमाण	दर (मू.अ. करसहित)	रकम
१.	साधारण माटो खन्ने	९३०५.८३	७१.१९	६६२४८२.००
२.	कडा माटो खन्ने	४६१८.११	७५.७१	३४९६३७.००
३.	ब्रेकर प्रयोग गरी मध्यम चट्टान खन्ने	८००.१६	५२७.७१	४२२२५२.००

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

४.	ब्रेकर प्रयोग गरी कडा चट्टान खन्ने	१२७.५३	१३००.६३	१६५८६९.००
	जम्मा	**१४८५१.६३**	**१९७५.२४**	**१६००२४०.००**

५१ लागत अनुमान रु.३४,८५,९७०।- भएको दरबाङ निस्कोट ताराखोला सडक स्तोरोन्नति गर्न गाउँपालिकाले उपभोक्ता समितिसँग सम्झौता गरी रु.३१,६८,०००।- बाँकी उपभोक्ता समितिले खर्च व्यहोर्ने सहमति गरेको देखिन्छ । उपभोक्ता समितिले सम्झौता अनुसार कार्यसम्पन्न पश्चात पेश गरेको दोश्रो तथा अन्तिम बिलमा अद्यावधिक कार्य तथा प्रथम र दोश्रो रनिङ्ग बिलको परिमाण तथा रकमसँग बराबर हुनुपर्नेमा अद्यावधिक कामसँग रनिङ्ग बिलहरूको परिमाण भिड्दैन । प्राविधिक कर्मचारीको भनाई अनुसार अद्यावधिक कार्यमा लागत अनुमानको परिमाण तथा रकम राखिएको छ भने रनिङ्ग बिलहरूमा वास्तविक कामको नापी र कोटेशनको दररेट अनुसार उपभोक्ताको बिलमा अद्यावधिक कार्य र बिल रकम नभिडेको जनाएको छ । यसरी अद्यावधिक कार्य तथा बिल रकममा फरक परिमाण तथा रकम राखेको देखिएकोले वास्तविक काम र रनिङ्ग बिल भिडान गर्न सकिएन ।

५२ **नन्फाईलर -** ६४/२०७६/१/२० मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा बिक्री गर्दा प्रापकलाई कर विजक दिनुपर्ने व्यवस्था छ । उक्त कर विजकबाट Taxable VAT Sales को अंश खरिदमा तिरेको मू.अ.कर घटाई २५ दिनभित्र सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । लुबिसार देखि पातलेसम्म मोटरबाटो निर्माण गर्न रु.१४,१५,३२५।- को मू. अ. कर समतेको लागत अनुमानमा ए.सी. कन्स्ट्रक्सन (६०४९२८४५४) लाई रु.१४,१५,३२५।- मू. अ. कर समेत भुक्तानी गरेकोमा उक्त निर्माण IRD को Portal मा २०७५-M-१० देखि नन्फाईलर देखिएको हुँदा उक्त फर्मलाई मूल्य अभिवृद्धि कर रु.१,६२,८२५।- मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मू. अ. कर समायोजन पत्र पेश गर्न लगाई भुक्तानी नियमित गर्ने अन्यथा ननफाईलरको मूल्य अभिवृद्धि कर असूल गर्नुपर्ने रु. — १६२८२५

५३ **मू. अ. कर समायोजन -** मूल्य अभिवृद्धि कर नियमावली, २०५४ को नियम ६ बमोजिम सप्लायरले रीतपूर्वकको विजक दिनुपर्ने र मू. अ. कर भुक्तानी गर्नेले सोको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था छ । निम्न विजक नं. बाट भ्याट भुक्तानी गरेकोमा आन्तरिक राजस्व कार्यालयलाई समेत जानकारी दिएको नदेखिएकोले मू. अ. कर समायोजन प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. — ६१०१२१.५९

भौ.नं./मिति	फर्म वा पार्टी	मू.अ. कर नं.	विजक नं.	कूल भुक्तानी	मू. अ. कर रकम	कैफियत
चालुतर्फ						
३/२०७६/३/२५	Global Nepal Pvt. Ltd., Kathmandu Nepal	६०४२३६०४५	०४५/२०७६/३/२२	१९९२७५५.००	२२९२५५.००	विजक नं. मा टिपेक्स लगाएको
१६४/२०७६/२/९	हरि अटो एण्ड पार्टर्स् (गाडी मर्मत)	६०४०३२६८७	५४४/२०७६/१/२५	७७५०६.८२	८९१६.११	मिति सच्चाएको
४१/२०७६/३/३०	औजार कारखाखा म्यारदी	६०६२८५२५२	५३/....	४८२९०५.००	५५५५५.००	मिति नभएको
८७/२०७६/३/१९	कालीगण्डकी सामुदायिक विकास मञ्च	३०२४८५५३०	५/२०७६/३/१७	१००००००.००	११५०४.४८	बिल कम्प्युटर रङ्गिन
पूँजिगततर्फ						

दफा	भौ.नं., मिति र व्यहोरा							बेरुजू रकम
	६/२०७५/९/३	म्याग्दी मालिका कन्स्ट्रक्सन प्रा. लि.		००२/२०७५/८/१५	२२७५११.००	२६१७३.००	विजक सच्चाएको	
	७/२०७५/९/३			००१/२०७५/८/१५	२२६७७१२.००	२७२७२.००	विजक सच्चाएको	
	१२८/२०७६/३/२५	रोयल धौलागिरी बिल्डर्स एण्ड डेभलपर्स प्रा. लि., बाग्लुङ	६०११०४९३२	६/२०७६/३/२३	३६७४७६.००	४२२७६.००	विजक नं. हातले लेखेको	
	१४५/२०७६/३/२७			.../२०७६/३/२३	१८१८१७०.००	२०९१७०.००	विजक नं. नभएको	
				जम्मा	**७३३४०३५.८२**	**६१०१२१.५९**		
	सामाजिक सुरक्षातर्फ							
५४	**बैंकिङ प्रणाली -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता रकम बैंक मार्फत गरिने व्यवस्था मिलाउने उल्लेख छ । यो वर्ष गाउँपालिकाले ज्येष्ठ नागरिक अन्य, ज्येष्ठ नागरिक दलित, एकल महिला, विधवा, अति अशक्त अपाङ्ग समूहलाई बैंकमार्फता भत्ता वितरण गरेपनि पूर्ण अपाङ्ग र बालपोषण समूहको सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा वितरण गर्दा लाभग्राहीले बुझेको हस्ताक्षरको आधिकारिता परीक्षण गर्न कठिनाई हुने हुँदा कार्यविधिमा भएको व्यवस्था अनुसार बैंकिङ प्रणाली लागू गरी भत्ता वितरण गर्नुपर्ने र कार्यालयले अनुगमन गरी खर्चको यथार्थता यकिन गर्नुपर्दछ ।							
५५	**मूल अभिलेख र व्यवस्थापन सूचना प्रणाली -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १० अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखी मूल अभिलेख खाता व्यवस्थित गरी सोही प्रमाणका आधारमा वित्तीय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख राख्नुपर्दछ । तर कार्यालयले मूल अभिलेख खाता लेखापरीक्षणका लागि पेश नगरेको वित्तीय सूचना प्रणालीमा नामनामेसी अपडेट गराएको नदेखिएकोले फोटोसहित अभिलेख व्यवस्थित गरी वित्तीय सूचना प्रणालीमा व्यवस्थित गर्नुपर्दछ ।							
५६	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता रकम बैंक मार्फत गरिने व्यवस्था मिलाउने उल्लेख छ । उक्त व्यवस्था अनुसार सम्पूर्ण सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीमार्फत वितरण गर्नुपर्नेमा यस मालिका गाउँपालिका वडा नं. १ निस्कोटमा सामाजिक सुरक्षा भत्ता अन्तर्गत ५ वर्ष मूनिका दलित बालबालिका र पूर्ण अपाङ्ग लक्षित समूहहरूको भत्ता वितरण बैंक मार्फत् नगरी वडा सचिव अमरबहादुर पुनलाई पेश्की उपलब्ध गराई भरपाई मार्फत् नगद वितरण गरेको पाइयो । प्रथम र दोश्रो चौमासिकमा नगद रकम वितरण भएकोमा सबै रकम बुझेको ल्याप्चे (औंठा छाप) भरपाई पेश भएका छन् । तर तेश्रो चौमासिकमा रकम वितरण गरेकोमा रकम बुझेको सबै भरपाईहरू दस्तदत गरी बुझेको छ । दस्तखतहरू पनि एकै लिपीको रहेको देखिन्छ । सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरूले नै रकम बुझेका हुन् भनी यकिन हुन सकिएन । अतः तेश्रो चौमासिकमा १३१ जना लाभग्राहीलाई वितरण गरेको रु.२,१२,८००।- सम्बन्धित लाभग्राहीले प्राप्त गरेको हो होइन स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिबाट छानविन							२१२८००

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	गरी यकिन हुनुपर्दछ । यसरी कार्यविधि विपरीत वितरण भएको रकम अनियमित देखिएको रु...	
५७	**दोहोरो भुक्तानी -** सामाजिक सुरक्षा संचालन कार्यविधि, २०७५ को दफा १० वमोजिम भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सुचना प्रणालीमा प्रविष्ट गराउनुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष देहायका वडा सचिवहरुलाई पूर्ण अपाङ्ग र दलित बालबालिका लक्षित समूह सामाजिक सुरक्षा भत्ता वितरण गर्न पेश्की दिएकोमा वितरण भरपाई परीक्षण गर्दा व्यवस्थापन सुचना प्रणालीमा लाभग्राहीको नाम नामेसी नभएकोमा, नामनामेसी थप गरी भुक्तानी गरेको र नाम नामेसी भएपनि एउटै नागरिकता नम्बर दोहोरो भएकोले वितरण भएको रकम सही एवं यर्थाथ व्यक्तिले भुक्तानी लिएको यकिन गर्न नसकिने हुदाँ भूक्तानी गर्न मिल्ने आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु..	१४४००

गो.भौ.नं./ मिति	वडा सचिवको नाम	लाभग्राहीको नाम	वडानं.र प्रकार	किस्ता	भुक्तानी रकम	कैफियत
३/२०७५/१०/१८	रमाकान्त घिमिरे	सिर्जना पटेल	३ (बालपोषण सुरक्षा)	प्रथम	१६००	दोहोरो नामनामेसी
		प्रविण वि.क.	४ (बालपोषण सुरक्षा)	प्रथम	१६००	दोहोरो नामनामेसी
	उमा कुमारी पुन	दिपेश घिमिरे	५ (बालपोषण सुरक्षा)	प्रथम	१६००	दोहोरो नामनामेसी
७/२०७६/३/३१	उमा कुमारी पुन	अमृत सुनार	५ (बालपोषण सुरक्षा)	तेश्रो	१६००	हातले नामनामेसी लेखी दोहोरो भत्ता वितरण
		मौसम सुनार	५ (बालपोषण सुरक्षा)	तेश्रो	१६००	दोहोरो नामनामेसी
		सज्जन किसान	५ (बालपोषण सुरक्षा)	तेश्रो	१६००	दोहोरो नामनामेसी
	धनमाया पुन	दिप्सन पटेल	२ (बालपोषण सुरक्षा)	तेश्रो	१६००	दोहोरो नामनामेसी
		सपना वि. क.	२ (बालपोषण सुरक्षा)	तेश्रो	१६००	दोहोरो नामनामेसी
		सविन पटेल	२ (बालपोषण सुरक्षा)	तेश्रो	१६००	दोहोरो नामनामेसी
			जम्मा		**१४४००**	

अनुसूची- १

मालिका गाउँपालिकाको सञ्चित कोष विवरण
२०७५।७६

प्रदेश : गण्डकी (रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	मालिका गाँउपालिका	म्याग्दी	६०८५४	८६३३३	२०७४३८	५३५५९	३४७३३०	२५८६२८	३३०६४	३०१६३	३२१८५६	८६३२८

अनुसूची– २

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७५।७६

(रु.हजारमा)

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	म्याग्दी	मा लका गाउँपा लका	३७	२२	६४५४	०	०	०	३७	२२	६४५४	३६९	३३८९	२६९६	०	०	६०८५	०	०	०

अनुसूचि ३

अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं.प.वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बाँकी वेरुजू
१	मा लका गाउँपा लका	म्याग्दी	१९६६३	१२६९८	६९६५		६४५४	१३४१९